नेपाल बार एशोसिएशन

# Nepal Bar Association

आ.व. २०७४/०७५ को लेखा परिक्षण प्रतिबेदन तथा आ.व.२०७५/०७६ को
२०७६ बैशाख ६ गते सम्मको अनुमानित आय व्यय

**बार्षिक साधारणसभा**

**समक्ष**

**कोषाध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन**

ज्ञानरत्न शाक्य
कोषाध्यक्ष
केन्द्रीय कार्य समिति, नेपाल बार एशोसिएशन
२०७६ साल बैशाख ६ गते, नक्साल बैंक्वेट, काठमाण्डौं

***

नेपाल बार एशोसिएशन
Nepal Bar Association

# नेपालबार एशोसिएशनको साधारणसभा समक्ष प्रस्तुत आ.व.०७४/०७५ को लेखारिक्षण प्रतिबेदन र आ.ब.२०७५/०७६ को २०७६ बैशाख ६ गते सम्मको अनुमानीत आय व्यय आर्थिक प्रतिवेदन

**नेपाल बार एशोसिएशनका अध्यक्षज्यू,**
**कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरु, पूर्व अध्यक्षज्यूहरु तथा पूर्व पदाधिकारीज्यूहरु, वरिष्ठ अधिवक्ताज्यूहरु, नेवाए सल्लाहकार समितिका सदस्यज्यूहरु, नेपाल कानून व्यवसायी परिष्दका पार्षद्ज्युहरु, सम्पूर्ण बार इकाईका अध्यक्ष, सचिव तथा पदाधिकारीज्यूहरु, सदस्यज्यूहरु, केन्द्रीय पार्षदज्यूहरु र यस गरिमामय साधारण सभामा आसिन सम्पूर्ण कानून व्यवसायी मित्रहरु ।**

समग्र कानुन व्यवसायीहरुको छाता संस्था नेवाएको बर्तमान कार्य समितिको कोषाध्यक्ष पदमा २०७३ साल बैशाख ७ गतेबाट कार्यभार सम्हाल्दै आएको छु । तपाईहरुको न्यानोमाया र सद्भावले गर्दा आजका दिनमा नेवाएको आ.व. २०७४/०७५ को लेखा परिक्षण प्रतिवेदन तथा २०७५/०७६ को आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने अवसर पाएको छु । हुनत आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्रै आ.व.२०७४/०७५ को लोखापरिक्षण गराई सकेको भएता पनि साधारण सभा सम्पन्न नभएकाले लेखापरिक्षण तथा आर्थिक प्रतिवेदन प्रस्तुत बिबिध कारणले थाति रहेको थियो । नेवाएको लेखापरिक्षण तथा आर्थिक प्रतिबेदन प्रस्तुत गर्नु कोषाध्यक्षको पदीय जिम्मेबारी तथा दायित्व रहेको हुन्छ । आ. ब. २०७४/०७५ को आन्तरिक लेखा तथा लेखापरिक्षण प्रतिवेदनमा उल्लेखित आधारमा आम्दानी तर्फ रु **५,३८,९४,९१४.६५** र खर्च तर्फ रु **३,७४,५९,८३७.७६** हुन गई उक्त आ.व. मा रकम रु **१,६४,३५,०७६.८९** नेवाएको संचित कोषमा जम्मा भएको थियो । यसको बिस्तृत बिबरण लेखापरिक्षण प्रतिवेदनबाट जानकारी लिनु हुनेनै छ ।
हुनत: २०७३ साल बैशाख ७ गते पदभार हस्तान्तर गर्दा प्रतिवेदनमा जम्मा रु **८४,४७,५८२.२१** देखाएता पनि असार मसान्ततक जम्मा रकम रु ६४,०७,७०१.८१ बैक मौज्दात रहेको थियो ।

नेवाएको आ.व. २०७३/०७४ देखी २०७५/०७६ चैत्र मशान्त सम्म देहाय बमोजिम नगद तथा बैक मौज्दात रहेको थियो । आ.व. २०७५/०७६ चैत्र मशान्त तकको बैक मौज्दात बिबरण अनुसूची १ बाट प्रष्ट हुनेछ ।

| आ.ब. २०७३/०७४ | आ.ब. २०७४/०७५ | २०७५/०७६ चैत्र मशान्त |
|---|---|---|
| १,६०,०५,३३६.४९ | २,६०,७८,९१५.०४ | २४,९२६,५७८.१७ |

प्रस्तुत बैक मौज्दात रहेकोमा २०७६ बैशाख ६ गते सम्म भएको आय ब्यय रकम समेत हिसाब मिलान गर्दा जम्मा रु १९,००९,०८६.९९ नगद तथा बैक मौज्दात रहेको अनुसुची २ बमोजिम रहेने छ ।



नेपाल बार एशोसिएशन Nepal Bar Association

## १. नेवाएको आय तथा व्यय श्रोत :

नेवाएको मुख्य आय श्रोत सदस्यता शुल्क हो । यस बाहेक नेवाएले विभिन्न कार्यक्रम आयोजना गरी खर्चबाट बचेको रकम नै मुख्य श्रोतको रुपमा लिएको छ । यस सन्दर्भमा गत आ.व. ०७४/०७५ को आम्दानी खर्चको हिसाबको विवरण लेखा परिक्षण गरी सकिएको हुँदा लेखा परिक्षकको प्रतिवेदनमा उल्लेख भएबाट प्रष्ट हुनेछ । आ.व. ०७५/०७६ को वैशाख ६ गते सम्मको आय र व्यय देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

| सि.नं | आयविवरण | रकम | सि.न | व्ययविवरण | रकम |
|---|---|---|---|---|---|
| १ | नेवाएको विधानबमोजिम २५%हुने शुल्क | ५,३४,000.00 | १ | पारिश्रमिक | २९,६५१०२.७० |
| २ | विविध आम्दानी | ५,००,२८४.१६ | २ | विविध | ९९०५.०० |
| ३ | हल भाडा | ३३,८१९.०० | ३ | अफिस | ३२४८९.०० |
| ४ | नेवाएको लोगो बिक्री | ७५,६००.०० | ४ | स्टेशनरी | ४११९०.०० |
| ५ | मेलमिलाप परिषद (भाडा | ३,२४,०००.०० | ५ | सदस्यता शुल्क खर्च हिसाब | ०० |
| ६ | डाईरेक्टी बिक्री | ७००.०० | ६ | शाखा समिति | ०० |
| ७ | पुस्तकालय आम्दानी | ६,७७२.०० | ७ | हुलाक | ७७७८.०० |
| ८ | UNDP/RoLHR सहभागीता आम्दानी | | ८ | पत्रपत्रिकाखरिद | ८१९०.०० |
| ९ | बैंक ब्याज आम्दानी | ०० | ९ | टेलिफोन | ५४७७२.०० |
| १० | नेवाए राष्ट्रीय सम्मेलन | १००००.०० | १० | गाडी मर्मत | १६९९६७.३७ |
| ११ | नेवाए विधान बिक्री | १५००.०० | ११ | गाडी तेल | २४३०३०.०० |
| १२ | कानून व्यवसायी महिला सम्मेलन रजिष्ट्रेशन | ३३९४४५.०० | १२ | सवारी साधन इन्सोरेन्स | ०० |
| १३ | मानव अधिकार सम्मेलन रजिष्ट्रेशन | २२५५००.०० | १३ | सवारी कर तथा नविकरण खर्च | ९४१५०.०० |
| १४ | कार्यकारीणी परिषद तथा वार्षिक साधारण सभा रजिष्ट्रेशन | ३३२५००.०० | १४ | विद्युत महशुल | ११६८२५.०० |
| १५ | भैपरी कोष | ०० | १५ | नेवाए मिटीङ | १७२५०.०० |
| १६ | स्वास्थ्य परिक्षण | ०० | १६ | आई.बि.ए. सदस्यता शुल्क | ७५,०००.०० |
| १७ | सूचना आयोग | ०० | १७ | इन्टरनेट महसुल | ५१६१४.०० |
| १८ | नेवाए कानुन व्यवसायी महिला वृति बिकाश कोष | २,१०,५५५.०० | १८ | नेवाए खानेपानी | ११०५०.०० |
| १९ | एटु जे सहभागिता | ३,८१,७८९.०० | १९ | फर्निचर खरिद | ११४४९८.०० |
| २० | ब्याग बिक्री | ५०००.०० | २० | विज्ञापन | ४४४९४.०० |
| २१ | अनुदान सहयोग | ३०,६५,३३९.१५ | २१ | अतिथि सत्कार | १६५००.०० |
| २२ | निर्वाचन आम्दानी | १६,९०,०००.०० | २२ | चिनीचियापत्ती | ७२२४.०० |



नेपाल बार एशोसिएसन
Nepal Bar Association

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | | | | | |
| | | | २३ | इन्भारोमेन्ट ल जर्नल | १३६५००.०० |
| | | - | २४ | मानव अधिकार सम्मेलन | ८४३३६५.०० |
| | | - | २५ | महिला सम्मेलन | १३०७६७८.७३ |
| | | - | २६ | नेवाए विधान संशोधन | १०८७५.०० |
| | | - | २७ | क्यालेण्डर छपाई | ९००००.०० |
| | | - | २८ | आ.व.२०७४।०७५ साधारण सभाको अनुमानित | १८०००००.०० |
| | | - | २९ | सम्मान तथा प्रमाणपत्र | ७५५५०.०० |
| | | - | ३० | देवानी फौज्दारी | १४,९२,०७३.०० |
| | | - | ३१ | साधारण सभा कार्यकारिणी आ.व.२०७३।०७४ | ५३४८३९.०० |
| | | - | ३२ | भ्रमण हिसाब | २६९०५.०० |
| | | - | ३३ | भवन मर्मत सम्भार | २०१२२६.४७ |
| | | - | ३४ | नेवाए कानून व्यवसायी सहयोग | ७५०००.०० |
| | | - | ३५ | पुस्तकालय | १८६१८.०० |
| | | | ३६ | निर्वाचन खर्च | १७६२५९१.०० |
| | **जम्मा आम्दानी** | ७७३६८०३.३१ | | **जम्मा खर्च** | १२,४३८,२२८.२७ |
| | **यस वर्षको कोष बाट व्यय** | ४,७०१,४२४.९६ | | | |

## २. महिला कानून व्यवसायीको २७ औं राष्ट्रिय सम्मेलन :

नेवाए कानून व्यवसायी महिलाको २७ औं राष्ट्रिय सम्मेलन महेन्द्र पुलिस क्लब भृकुटी मण्डप काठमाण्डौमा मिति २०७५ साल असोज ५ र ६ गते **"संविधान कार्यान्वयनको प्रभावकारीता: आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रको रुपान्तरणमा महिला सहभागिता"** भन्ने मूल नाराका साथ भव्यताका साथ सम्पन्न भयो । उक्त सम्मेलनको रजिष्ट्रशन समेत जम्मा आम्दानी रु ३,३०,४४५.१० भएकोमा खर्च तर्फ रकम रु १३,०३,८६३.७० हुन गई नपुग रकम संचित कोषबाट रु ९,७३,४१८.६० खर्च भएको थियो ।

## ३. राष्ट्रिय मानव अधिकार गोष्ठी :

अन्तराष्ट्रिय मानव अधिकार दिवसको अवसरमा नेवाएले मानव अधिकार राष्ट्रिय गोष्ठी २०७५ मंसीर २४ गते(**10 December 2018**) झापा जिल्ला अदालत बार इकाइ, चन्द्रगढी झापाको आतिथ्यतामा भव्यताका साथ सम्पन्न भयो । यस सम्मेलनमा रजिष्ट्रेशनबाट आम्दानी रु २२,५५०.०० भएकोमा खर्च तर्फ रकम रु ८,४३,३६५.०० हुन गई नपुग रकम संचित कोषबाट रु ८,२०,८१५.०० खर्च भएको थियो ।



नेपाल बार एशोसियसन
Nepal Bar Association

**४.नेबाएको कार्यकारी बैठक तथा साधारण सभा :**

नेबाएले कार्यकारिणी बैठक तथा साधारण सभा २०७५ भाद्र ८ र ९ गते भक्तपुरमा सम्पन्न भएको
थियो । उक्त सभामा रजिष्ट्रेशन बापत प्राप्त भएको रकम रु. ३,२०,५००.०० मा उक्त सम्मेलन सम्पन्न
हुँदा रकम रु ५,३४,८३९.०० खर्च हुनगई अपुग रकम संचित कोषबाट रु २,०२,३३९.०० खर्च भएको
थियो ।

**५. नेबाए पुस्तकालय :**

ने.बा.ए. पुस्तकालय विकासको लागि पुस्तकालय समितिको सिफारिशमा सदस्यता तथा नविकरण र अन्य
बाट आम्दानी बाट आ.व. ०७३/०७४ मा रु. २,८५,५२६.०७ रहेकोमा आ.व. २०७४/०७५ को आय र
व्यय भई जम्मा रकम रु २,७९,७५१.७८ बैक मौज्दात देखिन्छ ।

**६. नेबाए कानून व्यवसायी कल्याणकारी कोष :**

नेबाएको दोलखा चरिकोटमा सम्पन्न केन्द्रिय कार्यकारिणी परिषद्को सातौ बैठकले स्वीकृती गरी लागु
गरिएको कानून व्यवसायी कल्याणकारी कोष विनयमावली २०५२ अनुसार हालसम्म केही कानून
व्यवसायीहरुले रकम जम्मा गर्दै आउनु भएको छ । यस कोषमा सहभागी हुनु भएका सदस्यहरुले आ.ब.
०७३।०७४ सम्म जम्मा भएको रकम मध्येबाट रकम रु **१८,००,०००.००** को मुद्दति खाता खोलि बाँकी
रकम रु **४,८४,६४३.६७** बचत खातामा जम्मा रहेको समेत गरी जम्मा रु **२२,८४,५५३.६७** रहेकोछ ।
उक्त रकम भुक्तानी दिनु पर्ने दायित्व नेबाएको देखिन्छ ।

**७. नेबाए महिला बृति बिकाश कोष :**

नेबाए महिला बृति विकास कोषमा आ.ब. २०७४/०७५ मा रकम रु **१,००,०००.००** जम्मा हुन
आएकोमा आ.ब. २०७५/०७६ मा २,१०,५५५.०० बृद्धि भई रु ३,१०,५५५.०० रहेकोछ । यस रकमको
ब्याजले प्रत्येक वर्ष महिला सम्मेलनमा पुरस्कारको व्यवस्था गरिएकोछ ।

**८. न्यायदूत प्रकाशन :**

ने.बा.ए.ले न्यायदूत नियमित रुपमा प्रकाशन गर्ने सन्दर्भमा पहल भैरहेको । न्यायदूत प्रकाशन समितिले
प्रकाशनार्थ, लेखक रचना संकलन गरेकोमा हुन नसकेकोले नियमित प्रकाशन गर्न सकिएको छैन । मानव
अधिकार सम्मेलन, महिला सम्मेलन र राष्ट्रिय सम्मेलनमा मात्र विशेषांकको रुपमा प्रकाशन गर्ने गरिएको
छ । न्यायदूत प्रकाशन शिर्षकमा रकम रु **७५,२८४.३९** मौज्दात रहेको छ ।

**९. कानून व्यवसायी प्रतिष्ठान :**

कानून व्यवसायीहरुको स्तरोन्नती र अभिमुखीकरण तालिम दिने उद्देश्यले स्थापना गरेको कानून
व्यवसायी प्रतिष्ठानलाई नेपाल सरकार, कानून तथा न्याय मन्त्रालय मार्फत रु. **१०,००,०००/- (दश
लाख रुपैया)** प्राप्त भएको रकम ग्लोबल आइएमइ बैंक लि. मा ब.हि.नं. ५९११०१००००६६ बचत
खाता खोली जम्मा गरिएको थियो । उक्त रकम नेपाल बार एशोसिएशनले आ.ब. ०७१/०७२ को
राष्ट्रिय सम्मेलनमा खर्च गरी आ.ब. २०७३।०७४ मा उक्त खातामा रकम रु. **७,९९,१४५।१७** मौज्दात
रहेकोमा आ.ब. ०७५/ ०७६ चैत्र मसान्त तक रु **८,०९,२७४.४०** रहेकोछ ।

**१०. नोटरी पब्लिक जमानत :**

नोटरी पब्लिक ऐनको व्यवस्था बमोजिम कानुन व्यवसायीहरुले नोटरी पब्लिकको कार्य सम्पादन गर्नका
लागि ऐन बमोजिम रकम रु. ५० हजारको बैंक ग्यारेन्टि वा नगद धरौटी राख्नु पर्ने व्यवस्था रहेको छ ।



नेपाल बार एशोसिएशन Nepal

यस व्यवस्थालाई सरलीकरण गर्न नेवाएले ग्लोबल आई.एम.ई. बैंक संग सम्झौता गरी नेवाएको सिफारिसमा बैंक जमानत जारी गर्ने व्यवस्था विद्धितै छ । यसरी बैंकलाई जमानतका लागि अनुरोध गर्दा उपत्यकाको हकमा भने नेवाएको सचिवालयबाट र उपत्यकाबाहिर ग्लोबल आईएमइ बैंकको शाखा कार्यालयहरु रहेको स्थानमा स्थानीय बार एकाइको सिफारिसबाट समेत बैंक ग्यारेन्टी जारी गरिने व्यवस्था भईरहेकै छ । नेवाएले जारी गर्ने जमानतको धरौटीको रुपमा रकम रु २५,००,०००.०० मुद्दती निक्षेप खाता खोलेको छ ।

**११. इन्टरनेशनल बार एशोसिएशनको सदस्यता शुल्क :**
ने.बा.ए.ले इन्टरनेशनल बार एशोसिएशन र ल एशियाको संस्थागत सदस्यता नवीकरण शुल्क आ.व. ०७४/०७५ मा रकम रु १,१५७५०.१६ सम्बन्धीत संस्थामा दाखिला भएको व्यहोरा लेखापरिक्षण प्रतिवेदनमा उल्लेखित छ । आ.व. ०७५/०७६ मा रु ७५,०००।- सदस्यता शुल्क वापत बुझाई सकिएकोछ ।

**१२. ने.बा.ए.को नाममा रहेको गाडीको विमा :**
नेवाएको नाममा रहेको ल्याण्डक्रुजर ग१च ७८५०, र महिन्द्रा स्कोरपियो वा७च ५२६८ नम्बरको सवारी साधन आ.व. ०७४/०७५ मा विमा गर्दा लागेको खर्च रकम रु २७,०५२.२० लेखा परिक्षण प्रतिवेदनमा खर्च लेखिएको छ ।

**१३. गाडी मर्मत तथा इन्धन खर्च :**
नेपाल बार एशोसिएशनको ल्याण्डक्रुजर ग १ च ७८५०, महिन्द्रा स्कोरपियो बा ४ च ८७०९ आ.व. ०७४/०७५ को असार मसान्त सम्ममा गाडी मर्मत खर्च रु ४,३१,९९९.८४ र गाडिको तेल खर्च वापत रकम रु २,०५,४६७.०० भएको लेखापरिक्षण प्रतिवेदनमा उल्लेखित छ । आ.व. ०७५/०७६ को चैत्र मशान्त सम्म गाडी मर्मत खर्च रु १,६९,९६७.३७ र गाडिको तेल खर्च वापत रकम रु २,४३,०३०.०० भएको छ ।

**१४ देवानी तथा फौजदारी संहिता सम्बन्धी प्रशिक्षण कार्यक्रम:**
नेपाल बार एशोसिएशनले स्थानिय बार एशोसिएशनहरुकै सक्रियतामा कानून व्यवसायी सदस्यहरु तथा आवश्यकता अनुसार बार एशोसिएशनका सदस्यहरु समेत सहभागी गराइ *मुलुकी अपराध (संहिता) ऐन, २०७४* तथा *मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४* को दुई दिवसीय प्रशिक्षण कार्यशाला सञ्चालन गर्न नेवाएले राष्ट्रीय सम्मेलनबाट बचत भएको रकम मध्ये रकम रु **५०,००,०००.००** सचिवालयले विनियोजन गरी निकासा गरिएकोमा आ.व. २०७४/०७५ मा रु १०,६५,३६०.०० र आ.व. २०७५/०७६ को चैत्र मसान्त सम्ममा रकम रु १४,९२,०७३.०० समेत गरी रकम रु **२५,५७,४३३.००** सम्बन्धित बार इकाईलाई उपलब्ध गराई सञ्चालन गरिएकोमा कतिपय बार इकाईहरुले पेश्की फछ्यौंट गरेका छैनन् ।

**१५ सूचनाको हक सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम:**
नेपाल बार एशोसिएशन र राष्ट्रिय सूचना आयोगको सहकार्यमा सूचनाको हक सम्बन्धी दुई दिवसीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम (ToT) २०७५ जेठ २५ र २६ गते ललितपुरको गोदावरीमा सञ्चालन भएको थियो । उक्त कार्यक्रम संचालनार्थ सूचना आयोगबाट रकम रु **२,९९,५११.००** प्राप्त भएकोमा सो रकम कार्यक्रम सञ्चालनार्थ खर्च भएको लेखा परिक्षण प्रतिवेदनमा उल्लेखित छ ।



नेपाल बार एशोसिएशन Nepal Bar Association

१६ **दैवि प्रकोप उद्दार कोष सम्बन्धमा :**
नेबाएले दैविप्रकोप उद्दार कोष स्थापना गरी जम्मा भएको रकम रा.बा. बैंकको बचत खाता नं. ३४४३३१० मा रकम रु **३७,७८४.८७** मौज्दात रहेको छ ।

१७ **नेबाए आयकर छुट सस्थामा दर्ता :**
नेबाए राष्ट्रिय निर्देशन ऐन अन्तर्गत दर्ता भई २०४८ सालमा संस्था दर्ता ऐन अन्तर्गत प्रमाणपत्र लिई मिति २०६३।१०।१८ देखि आएकर ऐन २०५८ को दफा २(ध) बमोजिम आयकर छुट पाउने संस्थाको रुपमा दर्ता गरी प्रमाण पत्र र प्यान नम्बर प्राप्त भएको भएतापनि आ.व. ०६३/०६४ को आर्थिक वर्ष देखि कर कार्यालयमा लेखापरिक्षण प्रतिवेदन असोज मसान्त भित्र पेश गर्नु पर्नेमा नगरिएको र आ.व. ०७२/०७३ को प्रतिवेदन सहित विगत पाँच वर्षको लेखा परिक्षण प्रतिवेदन पेश गरी सकिएको छ । यसरी विगतको आ.व.को प्रतिवेदन पेश नगरिएकाले रकम रु **१,३६,०००।-** जरिवाना लागेकोमा भुक्तानी गरिएको छ । गत आ.व. देखि आर्थिक विवरण कर कार्यालयमा समयमानै दाखिला गरिँदै आएको छ ।

१८. **दातृ निकायहरुसँगको कार्यक्रम : परियोजना तर्फ आ.व. २०७४/७५ मा नेपाल बार एशोसिएशनद्धारा सञ्चालन भएका परियोजनाहरुको विवरण निम्नानुसार रहेको छ ।**

१. **<u>नेपाल बार एशोसिएशन र (RoLHR/UNDP) सँगको सहकार्य</u>**
नेपाल बार एशोसिएशन र कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सवलिकरण कार्यक्रम (RoLHR/UNDP) सँगको सहकार्यमा आ.व.२०७३/०७४ मा दुई समुहको परियोजनाका कार्यक्रम सञ्चालनमा जम्मा रकम रु **२,२९,७८,९३६।०६** को अनुदान सहयोग प्राप्त भएको भएको थियो । आ.ब. २०७४/७५ मा ६ महिनाको लागि सञ्चालनमा रहेको पाँचौ चरणको परियोजनामा रकम रु **१,२३,४३,५८४।३८**को अनुदान सहयोगमा विभिन्न कार्यक्रमहरु सञ्चालन भएका थिए । स्विकृत कार्यक्रमहरु सञ्चालन गरी खर्च विवरण र बिल भर्पाइ स्वीकृत भए पश्चात अनुदान भुक्तानी गरी सकिएकोछ । आ.ब.०७५/०७६ मा पनि कार्यक्रमको निरन्तरता दिन RoLHR/UNDP सँग अनुरोध गरी सम्झौताको प्रक्रियामा रहेकोछ ।

२. **<u>GGP परियोजना:</u>**
नेपाल बार एशोसिएशनले जापानीज दुतावाससंगको सहकार्यमा मेलमिलाप केन्द्र स्थापना गर्ने उद्देश्यले Japanese Grant Assistance for Grassroots Human Security Projects (GGP) कार्यक्रम उपत्यकाको पाटन, ललितपुर र भक्तपुर बार इकाईमा स्थापना गरी कार्य शुभारम्भ भएको छ । यस कार्यक्रमको लागि आ.व. ०७४/०७५ मा USD ३८,३८८अर्थात रकम रु ३९,८०,८३५।६० को अनुदान सहयोग प्राप्त भएकोमा आ.व. २०७४/७५ मा खर्च भुक्तानी नै नसकेकोले सोको खर्च विवरण आ.व. २०७५/७६ को लेखापरिक्षणमा समावेश गरिने छ ।

३. **<u>नेपालबार एशोसिएशन र Access to Justice (A2J/UNDP)</u>**
नेपालबार एशोसिएशन र संस्थागत सुधार मार्फत न्यायमा पहुँच अभिवृद्धि परियोजनाको सहकार्यमा आ.व. २०७४/७५ माजम्मा रु १२३,४३,५८४।३८अनुदान सहयोग प्राप्त भएको र सो अनुदान रकम वरावर खर्च गरी त्यसको हर हिसाव फछ्यौट सम्वन्धि विवरण लेखा परीक्षण प्रतिवेदनमा स्पष्ट रुपमा उल्लेख गरिएको छ । चालु आ.व. २०७५/७६ को हाल सम्मको



नेपाल बार एशोसिएशन Nepal Bar Association

अवधिमा (सेप्टेम्बर देखि डिसेम्बर २०१८) सम्ममा जम्मा रु ११९,२७,११७७९ अनुदान प्राप्त भइ सोही अवधिमा कार्यक्रम सम्पन्न गरी फछ्र्यौट गरी सो को दातृ निकाय अनुदान सम्बन्धी बाह्य लेखा परीक्षण समेत गराई लेखा परिक्षण प्रतिवेदन दातृ निकाय समक्ष पेश भै सकेको र यसको पूर्ण विवरण नेबाएको २०७५/७६ को लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भै आउने छ । यस परियोजनामा विशेषत : नवप्रवेशी कानून व्यवसायीको लागि अभ्यास वृति कार्यक्रम लगायत न्यायमा पहुँच अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन हुने गरेका छन । (*चैत मसान्त तक २०७५ मा बैंक मौज्दात रकम रु ३७०,०००। रहे छ ।*

४. **Foundation Open Society Institute (FOSI)परियोजना:**

नेपाल बार एशोसिएशनले **Foundation Open Society Institute** संगको सहकार्यमा छलफलमा रहेको मस्यौदा एकिकृत कानूनी सहायता नीतिमा आवश्यक छलफल अन्तरक्रिया सञ्चालन गर्दै नेबाएको धारणा निर्माण गर्ने क्रममा आ.व. २०७४/७५ मा रु २५,१६,३४६। अनुदान सहयोग प्राप्त भएकोमा आ.व. २०७४/७५ मा रु १८८,४५२। र आ.व. २०७५/७६ को यस अवधि सम्ममा रु २०,९९,१३५।२० समेत गरी जम्मा रु २२,८७,५८७।२० खर्च गरी उक्त खर्चको १० प्रतिशतले हुने रु २,२८,७५८।८० संस्थागत ओभरहेड अन्तरगत आम्दानी जनाइएको छ र सो रकम समेत गरी कूल रु २५,१६,३४६। अनुदान रकम फछ्र्यौट समेत गरिएको छ ।

५. **International Legal Foundation - ILF संँगको सहकार्य**

नेपाल बार एशोसिएशन र **International Legal Foundation ((ILF)** संँगको सहकार्यमा नागरिकको मौलिकहक, फौजदारी न्याय प्रणाली र असहाय पक्षको कानूनी सहायता तथा स्थानीय न्यायिक समितिको भूमिका सम्बन्धी सामुदायिक सचेतना तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न आ.व. २०७४/७५को अन्त्यतिर रु ६८१,५००। अनुदान प्राप्त भएको र आ.व. २०७५/७६ को यस अवधिमा रु ६०४,१७६।४४ समेत गरी रु १२,८५,६७६।४४अनुदान प्राप्त भएकोमा कैलाली, कञ्चनपुर, बाँके, वर्दिया, रुपन्देही, मकवानपुर, धनुषा, मोरङ र सुनसरीमा स्थानियबार एशोसिएशनहरुको समन्वयमा कार्यक्रम सम्पन्न गरी खर्च फछ्र्यौट गरिएको छ । यसरी भएको खर्चको ७% ले हुने रकम रु ८९,९९७।३५ संस्थागत ओभरहेड अन्तरगत प्राप्त भएको रकम यस आ.व. मा नेपाल बार एशोसिएशनको खातामा आम्दानी जनाई सकिएको छ ।

६. **मेलमिलाप सम्बन्धी आधारभूत तालिम (JICA)**

नेपाल बार एशोसिएशन र जाईकाको सहकार्यमा मेलमिलाप सम्बन्धी ८ दिने आधारभूत तालिम इलाम, पोखरा, धनगढी र नेपालगञ्जमा सम्पन्न गरेको थियो । उक्त कार्यक्रम सञ्चालनार्थ रकम रु **३४,४२,९५७.००** प्राप्त भएकोमा उक्त कार्यक्रम संचालनार्थ खर्च भईसकेको छ ।

७. **न्यायमा पहुँच परियोजना (नर्वेजियन)**

नर्वेजियन बार एशोसिएशनको सहयोगमा सञ्चालित न्यायमा पहुँच परियोजना सन् २०१३ डिसेम्बरबाट सम्पन भएको बेहोरा यहाँहरुलाई विदितै छ । उक्त परियोजनाको नेबाएको खातामा आ.व. २०७३/०७४ र २०७४/०७५ मा रकम रु **४,३३,५८३.३९** रहेको छ । उक्त रकम नेबाएको लेखा परीक्षण प्रतिवेदनमा उल्लेख छ ।

नेपाल बार एशोसिएशन
Nepal Bar Association

८. **मेलमिलाप केन्द्रको स्थापना र जापानिज दुतावासको सहयोग**

नेपाल बार एशोसिएशन र जापानिज दुतावास बिच एक सम्झौता भई दुतावासले सञ्चालनमा ल्याएको Grant Assistance for Grassroots Human Security Projects of the Government of Japan (GGP) अन्तरगत काठमाण्डौं उपत्यका अन्तरगतका पाटन उच्च, ललितपुर जिल्ला र भक्तपुर जिल्ला बार एकाईमा मेलमिलाप केन्द्रको स्थापना गर्दै केन्द्रको भौतिक पूर्वाधार व्यवस्थित गर्ने उदेश्यले आ.व. २०७४/७५ मा रु ३९,८०,८३५।६० बराबरको अनुदान सम्बन्धित बार एकाईले पेश गरेको कोटेशन र दुतावासले स्वीकृत गरेको बजेट शीर्षक अन्तरगत बिभिन्न सामाग्रीहरु खरिद तथा भौतिक पूर्वाधारको निर्माण गर्न प्राप्त भएको अनुदान रकम मध्ये जम्मा रु ३८,८६,४१६।६६ खर्च भुक्तानी भएको र यस परियोजनाको बिल बिजकमा उल्लेख रहने कुनै पनि कर दस्तुरहरु नेपाल बार एशोसिएशनले भुक्तानी गर्ने भन्ने सम्झौता अनुसार भुक्तानी भएको बिलबिजकको १३ प्रतिशत मूल्य कर रकम रु ५०५,२३४।१६ नेपाल बार एशोसिएशनले आफ्नो श्रोतबाट थप भुक्तानी गरेको छ। अनुदान रकम मध्ये लेखा परीक्षण शुल्क रु ४५,०००। (कर बाहेक) समेत भुक्तानी गर्दा अनुदान रकम मध्ये बाँकी रहने रकम रु ४९,४१८।९४ भर्खरै सम्पन्न दातृ निकायको लेखा परीक्षण प्रतिवेदन अनुसार दुतावासलाई फिर्ता गर्नु पर्ने अवस्था रहेको छ। यस खातामा प्राप्त भएको बैंक ब्याज रकम (आ.व. २०७४/७५ रु ४३,३०७।३१ र आ.व. २०७५/७६ को यस अवधिको ब्याज रु ६२,६५७।३५) समेत गरी कुल रु १०५,९६४।६६ ब्याज आम्दानी जनाइएको छ।

९. **नेपाल बार एशोसिएशन र जापानिज अन्तराष्ट्रिय सहयोग नियोग बिचको सहकार्य:**

नेपाल बार एशोसिएशन र जापनिज अन्तराष्ट्रिय सहयोग नियोग बिच भएको एक सम्झौता बमोजिम आ.व. २०७५/७६ अन्तरगत (जनवरी देखि मार्च २०१९) मा जम्मा रु २९,१८,९२४।८५ अनुदान सहयोग प्राप्त भएको र सो रकमबाट बिराटनगर, पोखरा, नेपालगञ्ज र काठमाण्डौमा कानूनव्यवसायीहरुका लागि दश दिवसीय देवानी संहिता सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरी सोका बिस्तृत बिलभर्पाइहरु पेश गरी फछ्र्यौट समेत गरिएको छ। बिस्तृत बिवरण नेबाएको आ.व. २०७५/७६ को लेखा परिक्षण प्रतिवेदनमा आउने छ।

१९. **नेबाए निर्बाचन :**

नेबाएको निर्वाचन मिति २०७५ साल चैत्र १६ गते शनिवारको दिन सम्पन्न गरियो। उक्त निर्वाचनमा उम्मेदवारी दर्ता गर्दा निर्वाचन समितिले तोकेको दस्तुर बाट रु १६,९०,०००.०० आम्दानी भई निर्वाचन सम्पन्न गर्दा लागेको खर्च रकम रु १७६२५९१.०० को बिवरण प्राप्त भई रु ७२,५९१.०० नेबाएको संचित कोषबाट खर्च गरियो।

२०. **नेबाएको संचित कोष :**

नेबाएले बिभिन्न आन्तरिक स्रोत तथा बिबिध माध्यमबाट आर्जन गरेको रकममा आ.व.२०७५।०७६ को चैत्र मसान्त सम्म अनुसूची १ मा उल्लेख भए बमोजिम रकम रु २४,९२६,५७८.१७ रहेकोमा आ.व. ०७४/०७५ को साधारण सभा तथा पदभार हस्तान्तरण हुने दिन तक अर्थात मिति २०७६ बैशाख ६ गते सम्मको खर्च रकम हिसाबमा मिलान गर्दा मौज्दात रहने रकम रु १९,००९,०८६.९९ नेबाएको संचीत कोषमा रकम मौज्दात रहने यस सभामा जानकारी गर्न पाँउदा आफुलाई अहोभाग्य रहेको महशुस गरेको छु।



नेपाल बार एशोसिएशन Nepal Bar Association

उक्त रकम कानून व्यवसायी कल्याण कोषको स्थापना गरी त्यसको ब्याजबाट सहयोग गर्ने व्यवस्था गर्न उपयुक्त हुने र नेबाएमा कार्यरत रहेका कर्मचारीले अवकास लिएमा वा दिएमा उपदान दिने व्यवस्था समेत नभएको अवस्थामा व्यवस्था गर्न हाम्रो कार्यकालमा अनुकूल वातावरण नरहेकाले आगामी दिनमा उपयुक्त वातावरण मिलाई व्यवस्था गर्न हुन नवनिर्वाचित कार्य समितिलाई विनम्र अनुरोध गर्दछु ।

**अन्त्यमा,**

विभिन्न समयमा भएका विभिन्न रचनात्मक कार्यक्रममा सहयोग गर्नुहुने र नेबाएको विविध आर्थिक गतिविधि एवं कार्यक्रममा सहयोग पुऱ्याउने स्वदेशी एवं विदेशी दातृ संघ संस्था, आदरणीय कानूनव्यवसायी मित्रहरुमा हार्दिक कृतज्ञता एवं आभार व्यक्त गर्दै निरन्तर सहयोग प्राप्त भइरहने आशा राखेको छु ।

वर्तमान कार्यसमितिको कार्यकालमा आ-आफ्नो तर्फबाट अपूरणीय सहयोग र अनुशासित रही सहयोग पुऱ्याउने नेबाएका सम्पूर्ण सदस्य तथा कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिँदै आर्थिक प्रतिवेदन यही अन्त्य गर्दछु । धन्यवाद ।

मिति २०७६/०१/६ गते,नक्साल बैंकट, नक्साल काठमाण्डौ ।

नेपाल बार एशोसिएशन Nepal Bar Association

.........०७६/१/५

(ज्ञान रत्न शाक्य)

कोषाध्यक्ष

नेपाल बार एशोसिएशन

अनुसूची १

## नेपाल बार एशोसिएशन

### २०७५ साल चैत्र मसान्त सम्ममा कायम रहेको बैंक मौज्दात रकम

| बैंकको नाम र खाता नं. | रकम | |
|---|---|---|
| रा.बा.बैंक ब.हि.नं. ११३००६९४०१ | ३७,३८३.२० | ने.बा.ए |
| रा.बा.बैंक ब.हि.नं.११३००२७९५०१० | ५१,९२०.३० | ने.बा.ए |
| रा.बा.बैंक ब.हि.नं. ११३००३०७५११० | १३५,३२८.३२ | ने.बा.ए |
| कृ.वि.बैंक ब.हि.नं. ०२०९५००१५७७८३०१७ | ९,९५३.०५ | ने.बा.ए |
| ग्लोबलआईएमई.बैंक बचत ५९११०१०००००६५ | २८९,०१३.८७ | ने.बा.ए |
| रा.बा.बैंक ब.हि.नं. ११३००३४४३२१० | ३७,५८१.८२ | ने.बा.ए |
| रा.बा.बैंक ब.हि.नं. ११३००३७३४०१० | १३,७०९.४० | ने.बा.ए |
| हिमालयन बैंक ब.हि.नं. ००१०००५२१०००२४ | १,३४६,६९७.४१ | ने.बा.ए |
| बैंक अफ काठमाण्डु ब.हि.नं. ६५४९७ | १३३३७७४.३३ | ने.बा.ए |
| बैंक अफ काठमाडु च.हि.नं.०१००००००६०००१२ | ३,२५३,४९७.५९ | ने.बा.ए |
| नेपालइन्भेष्टमेन्ट बैंक ब.हि.नं. २५००६१ | २३३,७६१.०३ | ने.बा.ए |
| कृ.वि.बैंक ब.हि.नं. ०१००२००००२२११०१३ | ५५७९८६२.७५ | ने.बा.ए |
| बैंक अफ काठमाडु मुद्धती | ४,५००,०००.०० | ने.बा.ए |
| ग्लोबल आईएमई.बैंक मुद्धती | २,५००,०००.०० | ने.बा.ए |
| नगद | ७,०५४.९२ | ने.बा.ए |
| कर्मचारी सापटी असुलहुनबाँकी रकम | ५,५०,०००.०० | |
| (क) जम्मा | १९,९६३,५३७.९९ | |
| हिमालयन बैंक ०१९०००५२१०००१६ | ९,०३५५९.६४ | नेबाएकानूनी सहायता |
| नेपालइन्भेष्टमेन्ट बैंक ००१०५०१०००१४५१ | ३११६१.६५ | नेबाएकानूनी सहायता |
| बैंक अफ काठमाण्डौ ०६०००००६२२८६ | १६०५३६.४५ | नेबाएकानूनी सहायता |
| राष्ट्रिय वाणिज्य बैंक १८९४ | ३७००००.०० | यु.एन.डि.पी. |
| **(ख) जम्मा** | **१,४६५,२५७.७४** | |
| (क)+(ख) जम्मा | १९,४३३,५४६.३२ | |
| ग्लोबलआईएमई.बैंक बचत ५९११०१०००००६६ | ८०९,२७४.४० | कानूनव्या प्रतिष्ठान |
| रा.बा.बैंक ब.हि.नं. ११३००३४४३३१० | ३८३६३.२ | ने.बा.ए भवन |
| कृ.वि.बैंक ब.हि.नं. ०२०९९००२६४७८४०१६ | २७९,७५१.७८ | ने.बा.ए पुस्तकालय |
| रा.बा.बैंक बचतखाता नं. ११३००२७७५१० | ७५२८४.३९ | न्यायदूत |
| बैंक अफ काठमाडु मुद्धती | ३१०,५५५.०० | महिला समितिकोष |
| (ग) जम्मा | १,५१३,२२८.७७ | |

| का.व्य.कल्याणकारी कोषतर्फ | | |
|---|---|---|
| रा.बा.बैंक बचत हिसाबनम्बर ११३००३४२२०१० | ३९,४२२.४३ | का.व्य.कल्याणकारी |
| बैंक अफ काठमाण्डु ब.हि.नं. ६५४९६ | ७६,८९१.६६ | का.व्य.कल्याणकारी |
| ग्लोबलआईएमई बैंक बचत ५९११०१००००६४ | ३४१,२३७.०५ | का.व्य.कल्याणकारी |
| ग्लोबल आईएमई बैंक मुद्दती | १,८००,०००.०० | का.व्य.कल्याणकारी |
| नेपालइनभेष्टमेन्ट बैंक बचत २५००३८ | २७,००२.५३ | का.व्य.कल्याणकारी |
| (घ) जम्मा | २,२८४,५५३.६७ | |
| जम्मा (क)+ (ख) + (ग)+(घ) | २४,९२६,५७८.१७ | |

अनुसूची २

नेपाल बार एशोसिएशन

२०७६ साल बैशाख ६ गते सम्म देहाय बमोजिम रकम भुक्तानी गरि कायम रहने बैंक मौज्दात

| सि.नं | विवरण | रकम |
|---|---|---|
| १ | बैंक मौज्दात (अनुसूची १) | २४,९२६,५७८.१७ |
| २ | २०७६ बैशाख ३ गते सम्मको खर्च | ८५३९००.१८ |
| ३ | जि.जि.पि. पेमेण्ट भक्तपुर | ११२५०००.०० |
| | जम्मा | २२,९४७,६७७.९९ |
| ४ | २०७६ बैशाख ४ गते देखि ६ गते सम्म हुने अनुमानित खर्च | |
| ५ | साधारण सभा (अनुमानीत) | १८,००,०००.०० |
| ६ | क्यालेण्डर छपाई तथा प्रकाशन | ९०,०००.०० |
| ७ | इन्भारोमेन्ट जर्नल | १,३६,५००.०० |
| ८ | निर्वाचन खर्च | १७६२५९१.०० |
| ९ | विविध खर्च | ७५,०००.०० |
| | सम्मान तथा प्रमाणपत्र छपाई | ७४५००.०० |
| | जम्मा | ३९३८५९१.०० |
| | २०७६ साल बैशाख ६ गते पछि रहने बैंक मौज्दात | १९,००९,०८६.९९ |



नेपाल बार एशोसिएशन Nepal Bar Association